मिति: २०८०/१२/१४ | ने.सं. ११४४ चिल्लाथ्व, २ बुधबार | बैठक संख्या - १५

आज मिति २०८०/१२/१४ गते बुधबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को पन्ध्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................................................

१७. प्रशासन शाखा प्रमुख श्री प्रकाश अधिकारी........................................................................

१८.लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे ........................................................................

१९. कम्प्युटर अपरेटर लक्ष्मी चुहान........................................................................

२०. लेखापाल श्री नर बहादुर बोहरा..........................................................................................

२१. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........................................................................

२२. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन.........................................................

मिति: २०८०/१२/१४ ने.सं. ११४४ चिल्लाथ्व, २ बुधबार बैठक संख्या - १५

**प्रस्तावहरूः-**

१. निर्णय अनुमोदन सम्बन्धमा।
२. योजना तथा कार्यक्रम शिर्षकान्तर सम्बन्धमा।
३. विविध।

**निर्णय नं. -१**

गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोवास गरिरहेको जनसंख्या घट्दै गईरहेको सन्दर्भलाई मध्यनजर गर्दै बसाई सरी जाने प्रवृत्ती लाई निरुत्साहित गर्दै बसाई सरी आउने घर परिवारलाई प्रोत्साहनको बिशेष व्यवस्था गर्नका लागि यस गाउँपालिकाबाट बसाई सरी जानेलाई बसाई सराई सेवा शुल्क बापत गाउँ कार्यपालिकाको मिति २०८०/०९/१६ वैठक संख्या ०७ को निर्णय नं. २ विविध-(ङ) मा उल्लेख भएको निर्णयबाट रु. ५०००/- राजश्व संकलन गरिएको र मिति २०८०/११/१० हिउँदे गाउँसभाबाट उक्त निर्णय अनुमोदन नभएको हुँदा उक्त निर्णयको कार्यान्वयनको सन्दर्भमा कार्यालयलाई जटिल परिस्थितिको सिर्जना भएकोले घरबार पिडित, सुकुम्बासी, आर्थिक रुपमा अत्यन्तै न्यून आय भएका घर परिवारको बसाईसराई सेवा शुल्कलाई छुट तथा सहुलियत दिई तत्काल बसाई सरी जाने प्रवृत्तीलाई न्यूनिकरण गर्न आवश्यकता भएको र आगामी आ.व. को नीति तथा कार्यक्रममा बसाई सरी आउने घरपरिवारलाई प्रोत्साहन गर्ने गरी उक्त निर्णय कार्यान्वयनका लागि विशेष गाउँसभामा पेश भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. –२**

हिलिहाङ गाउँपालिकाको विनियोजन ऐन २०८० को दफा ३ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०८०/०८१ का लागि १४ औं अधिवेशनद्वारा स्वीकृत गरिएको बजेट तथा वार्षिक विकास कार्यक्रमहरुलाई परिवर्तित स्थानीय आवश्यकता, प्राथमिकता र पूर्वस्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन जटिलताका आधारमा पुनः शतप्रतिशत तपसिलको योजना/कार्यक्रमलाई रकमान्तर/स्रोतान्तर गरी विशेष अधिवेशनबाट अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिलः-**

| सि नं | शिर्षक | | शिर्षकान्तर | |
|---|---|---|---|---|
| | **योजना**/कार्यक्रमको नाम | **रकम** | **योजना**/कार्यक्रमको नाम | **रकम** |
| १ | हिलिहाङ दरबार क्षेत्र विकास गुरुयोजना निर्माण तथा डिपिआर | १५००००० | मृदुङ्गा झरना गुरुयोजना तथा डिपिआर | १५००००० |
| | **जम्मा रकम** | **१५०००००** | **जम्मा रकम** | **१५०००००** |

**निर्णय नं. -३.**

**विविध**

क. हालसम्म भएको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरू विशेष अधिवेशनबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।